आज मिति २०७७ साल बैशाख ३१ गते बिहान ८:१५ बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेती ज्यू को अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| श्री एकराज उप्रेती | गांउपालिका अध्यक्ष | अध्यक्ष |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ~~मान बहादुर स्याङ्तान~~ विपना थिङ | ३ नं. वडा अध्यक्ष (का.वा.) | सदस्य |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य राममाया |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| श्री देबराज चौलागाई | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

<u>आमन्त्रित/बैठक सहयोगी</u>

Scanned by TapScanner

निर्णय नं.१

बिश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसका कारण संकट व्यवस्थापनकोलागी नेपाल सरकारबाट यही मिति २०७६/१२/११ देखि गरेको लकडाउन आव्हान बमोजिम बन्दाबन्दीमा परेका दैनिक ज्यालादारी परिवारलाई यस गांउपालिकाका सबै वडामा भएको प्रथम चरणको राहत बितरण कार्यमा भएको तपशील बमोजिम वडागत खर्चको नियमानुसार प्राप्त बिलको दायीत्व बिपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

तपशील:

| सि.नं | वडा नं | राहत प्राप्त गर्ने परिवार संख्या | भुक्तानी गर्नुपर्ने रकम |
|---|---|---|---|
| १ | १ | ६३० | ८९३०४५.२० |
| २ | २ | २०९ | २४८०२८ |
| ३ | ३ | २३३ | ३५२४०७.५ |
| ४ | ४ | १०१ | १५५२८० |
| ५ | ५ | १७० | २३८३७४.६३ |
| ६ | ६ | ३८७ | ६००२५२ |
| ७ | ७ | ५३० | १०८३१५० |
| ८ | ८ | ३८१ | ४८१८२० |
| ९ | ९ | ७१५ | १०३८८४७ |
| कुल जम्मा | | ३३५६ | ५०८९२०३.३० |

साथै उपरोक्त बाहेक केही वडामा कार्यालयबाट उपलब्ध गराईएको बटुवा तथा स्थानिय बासिन्दाहरुलाइ बितरित खाध राहतको समेत बिल बमोजिमको रकम सोही शीर्षकबाट नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.२

आ.ब.०७६/०७७ मा यस गांउपालिका क्षेत्र भित्रको रासी,मनहरी तथा बिभिन्न खहरे खोलाबाट स्वीकृत IEE प्रतिबेदनमा उल्लेखित उत्खनन गर्न पाउने परिमाण बराबर नदिजन्य पदार्थ (ग्राभेल/गीटी/बालुवा) स्थानिय क्रसर/बालुवा उधोगहरुलाई तोकिएको बिक्रि शुल्क लिई उपलब्ध गराउने निर्णय बमोजिम कार्यालयले नियुक्त गरेको ठेकेदार मार्फत उत्खनन गरेको सामग्री उपलब्ध गराइदै आएकोमा कतिपय उधोगहरुमा कार्यालयले उपलब्ध गराएको परिमाण भन्दा बढी परिमाणको पदार्थ रहेको भन्ने गुनासो पश्चात कार्यालयबाट खटीएको प्राबिधिक सहीतको टोलिले सम्बन्धित उधोगीको यार्डमा रहेको पदार्थ नांपजांच गर्दा देखिएको तपशील बिबरणको श्रोत नखुलेको पदार्थको बारेमा जानकारी माग गर्ने उद्धेश्यले मिति २०७७/०१/२८ गते बसेको सम्बन्धित व्यवसायी समेतको बैठकमा व्यवसायी स्वयमले IEE गरेको क्षेत्रबाहीरदेखि स्थानिय ट्रयाक्टर संचालकहरुले बिबिध प्रयोजनमा ल्याएको सामग्री समेत खरीद हुन पुगेकोले कार्यालयबाट देखाईएको बढी परिमाण स्वभाबिक भएको स्वीकार गरि गांउपालिकाले निर्धारण गरेको दै दस्तुर बुझाउन मंजुरी देखाएको र स्थानिय अनुगमन समितिले समेत उपयुक्त राजस्व निर्धारण गरि असुली गर्न सिफारिस गरेको आधारमा प्रति घनमीटर ६७/८० (कार्यालयको बिक्रि मुल्य बराबर) राजस्व निर्धारण गर्ने र यथासिघ्र कार्यालयको धरौटी खातामा जम्मा गर्न लगाउने निर्णय गरियो ।साथै आगामी दिनमा त्यसरी श्रोत नखुलेको पदार्थ खरीद नगर्न व्यबसायीलाइ सचेत गर्ने निर्णय गरियो ।

तपशील:

| सि.नं | उधोगको नाम | राजस्व दाखिला गराउन पर्ने बढी देखिएको परिमाण घ.मी. | दाखिला गराउन पर्ने रकम |
|---|---|---|---|
| १ | जयमनहरी बालुवा उधोग | १२५०० | ८४७५०० |
| २ | मनकामना बालुवा उधोग | ५००० | ३३९००० |

निर्णय प्रमाणित

| | | | |
|---|---|---|---|
| | | | २०३४०० |
| ३ | दुर्गालक्ष्मी एग्रीगेट्स उधोग | ३००० | १८९८४०० |
| ४ | चतुरमुखि क्रसर उधोग | २८००० | ५४२४०० |
| ५ | ओमशान्त बालुवा उधोग | ८००० | ९४९२०० |
| ६ | स्वस्तिक क्रसर उधोग | १४००० | ८४७५०० |
| ७ | जनसेवा क्रसर उधोग | १२५०० | ३३९००० |
| ८ | सतोषी बालुवा उधोग | ८००० | १३५६००० |
| ९ | आफ्नै बालुवा उधोग | २०००० | २७१२०० |
| १० | दाङसिङ्ग सेण्डको ई. | ४००० | ७४५००० |
| ११ | कामना क्रसर उधोग | ११००० | |

निर्णय नं.३

चालु आ.ब.को गांउसभाबाट वडा नं १ मा कार्यान्वयन गर्नेगरी गोगनपानी खानेपानी योजनामा रु.१ करोड बिनियोजन भएकोमा सो योजनाकोलागी हाल रु.३९ लाख मात्रको खानेपानि पाईप खरीद गर्ने प्रकृया अगाडि बढाइएकोले आयोजनाको बांकी रु.६१ लाख मध्य रु.१२ लाख तल्लो मकरी खानेपानी योजनामा पाईप खरीद गर्ने.रु.२० लाख दुबै आयोजनाको पाइप खन्ने पुर्ने फिटिङ्गस सामान किन्ने तथा साना तिना चेम्बर लगायत संरचना निर्माण गर्ने.र बांकी रु.३१ लाख बाट सोही वडाको चकरी झुल्यान क्षेत्रमा नयां खानेपानी टंयाङ्की लगायत अन्य खानेपानी संचालन सम्बन्धि कार्यकोलागी खर्च गर्ने गरि रकम बांडफांड/बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.४

बिश्व व्यापि महामारीको रुपमा देखा परेको कोरोना भाइरस रोकथाम,राहत बितरणको भुक्तानी लगायत अन्य बिपद व्यबस्थापनको कार्य संचालन गर्न बिपद व्यबस्थापन कोषमा हाल भएको रकम न्युन रहेकोले तपशीलका चालु तथा पुंजीगत बजेटका रकमहरु कट्टा गरि बिपद व्यवस्थापन कोषमा थप गर्ने निर्णय गरियो ।

तपशील:

| सि.नं. | गांउसभाबाट बिनियोजित शीर्षक | साबिक बिनियोजन रकम | बिपद कोषमा थप गरीने रकम |
|---|---|---|---|
| १ | बिधालयमा कम्प्युटर प्रिन्टर खरीद | १५००००० | १५००००० |
| २ | सुचना केन्द्रको सामन खरीद | ५००००० | ५००००० |
| ३ | चुरे संरक्षण योजनाको डि.पी.आर. तयार | १०००००० | १०००००० |
| ४ | योजना सफ्टवेयर खरीद | २५०००० | २५०००० |
| ५ | सम्पत्ति कर सफ्टवेयर खरीद | ५००००० | ५००००० |
| ६ | ठूला परियोजनाको डि.पि.आर. | २५००००० | २५०००० |
| ७ | बिधार्थि दिवा खाजा कार्यक्रम | ४३००००० | ४३००००० |

निर्णय नं.५

गांउ सभाबाट खोप केन्द्र भवन निर्माण कार्यकोलागी रु.३ लाख ८० हजार बिनियोजन भएकोमा उक्त बजेटबाट खोप केन्द्र भवन वडा नं ३ को डोठे सुकौरा क्षेत्रमा निर्माण गर्ने निर्णय गरियो ।साथै यस अघि निर्णय भएबमोजिमका वडामा निर्माण गरिने स्वास्थ्य ईकाइ भवन बनाउन ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.६

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

...राज उप्रेत
अध्यक्ष

वडा नं ३ का वडा अध्यक्ष मानबहादुर स्याङतान लिभर सिरोसिस जस्तो कलेजोको घातक रोग लागि उपचाररत रहनु भएकोमा आर्थिक श्रोत अभाव भएको देखिएकोले अध्यक्ष,उपाध्यक्ष,सबै वडा अध्यक्ष र कार्यापालिका सदस्यहरुको १५ दिनको पारिश्रमिक सुबिधा उपचारकोलागि सहयोग स्वरुप निजलाइ उपलब्ध गराउने निर्णय गरियो ।साथै सोही बमोजिम सबै पदाधिकारीको १५ दिनको पारिश्रमिक सुबिधा कोभिड-१९ जस्तो महामारीको सामना गर्न गांउपालिकाको बिपद व्यबस्थापन कोषमा दाखिला गर्ने निर्णय गरियो ।

निर्णय नं.७

यस अघि चुरे संरक्षण योजनामा बिनियोजित वडागत रु.१८/१८ लाखबाट वडा समितिले छनौट गरेकै संख्याका बस्ति बचाउ तथा तटबन्धनका योजना कार्यान्वयन गर्न योजना शाखालाइ जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.८

तपशीलका वडाका टोलहरुमा तत्काल कार्यान्वयन गर्न पर्नेगरि माग भएका तपशीलका योजनाहरु नियमानुसार उपभोक्ता समितिबाट कार्यान्वयन गर्नेगरि तपशिलको शीर्षकबाट रकम बिनियोजन गर्ने निर्णय गरियो ।

तपशील:

| सि.नं | वडा/टोल | योजनाको नाम | बिनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १ | ३ | पालदमार आमा समुह भवन र सडक स्लाब संरक्षण | ५००००० | मर्मत संभार |
| २ | ३ | ढेडुवाखोला नियन्त्रण | १००००० | बिपद व्यबस्थापन |
| ३ | ३ | सेफहाउसमा भान्साघर तथा ट्रस निर्माण | | |
| ४ | ३ | शिद्धकाली ओरालो बाटो स्लाब ढलानमा थप बिनियोजन | २००००० | भैपरी आउने पुंजीगत बिबिध |
| ५ | ४ | डोलबारी पालुङ्ग टोल अधुरो बाटो र अधुरो पुल योजना | | |
| ६ | ५ | रुन्चेडांडा स्लाब बाटो संरक्षण | १५०००० | मर्मत संभार |
| ७ | ९ | सुकौरा खोल्सि नियन्त्रण | | |
| ८ | ९ | वडा नं ८ र ९ को सिम्पानि ज्यामिरे सिंचाई कुलो सफा गर्ने काम | १२५००० | मर्मत संभार |
| ९ | ४ | नौखले टोल देखि लामपाखा चुवारपाखा अधुरो बाटोमा थप बिनियोजन | | |
| १० | १ | राधाकृष्ण टोल बिकास संस्थालाई हरीयाली उधान प्रबर्धन | १००००० | भैपरी आउने पुंजीगत बिबिध |
| ११ | ६ | डिपाड खोल्सी काठेपुल संरक्षण | ५०००० | मर्मत संभार |

निर्णय नं ९

तपशीलका वडाका बासिन्दाहरु बिभिन्न जटिल रोग एबम हावाहुरी असिनाको कारण घाईते भइ उपचाररत रहेकोमा आर्थिक अभावको कारण सहयोग पांउ भनि दिएको निबेदन र पालिका स्तरिय मेडिकल बोर्डको सिफारिस समेतको आधारमा तपशील बमोजिम रकम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपशील:

| सि.नं. | वडा नं | नामथर | समस्या | सहयोग रकम | खर्च शीर्षक |
|---|---|---|---|---|---|
| १ | ५ | धनकुमारी मिजार | मुटुरोग | १०००० | आर्थिक सहायता तथा औषधि उपचार सहयोग |

निर्णय प्रमाणित

| | | | | | |
|---|---|---|---|---|---|
| २ | २ | नक्कलीमाया स्याङ्तान | क्यान्सर | १०००० | आर्थिक सहायता तथा औषधि उपचार सहयोग |
| ३ | ७ | लक्ष्मी राई | कलेजो रोग | १०००० | आर्थिक सहायता तथा औषधि उपचार सहयोग |
| ४ | ३ | जीबनकुमारी प्रजा | हेड ईन्जुरी | १०००० | आर्थिक सहायता तथा औषधि उपचार सहयोग |
| ५ | ३ | शान्ती गोम्बा | स्तन क्यान्सर | १०००० | आर्थिक सहायता तथा औषधि उपचार सहयोग |
| ६ | ७ | न्युसन प्रजा | स्पाईनल इन्जुरी | १०००० | आर्थिक सहायता तथा औषधि उपचार सहयोग |
| ७ | १ | रोसनी दर्जी | पेट रोग | १०००० | आर्थिक सहायता तथा औषधि उपचार सहयोग |
| ८ | १ | रामशसरण जिम्बा | कलेजो रोग | १०००० | आर्थिक सहायता तथा औषधि उपचार सहयोग |
| ९ | ८ | मिठुकुमारी ढकाल | मृगौला रोग | १०००० | आर्थिक सहायता तथा औषधि उपचार सहयोग |

साथै तपशील बमोजिम व्यक्तिको परिवारलाई तपशील बमोजिम काज किरिया खर्च उपलब्ध गराउने निर्णय गरियो ।

तपशीलः

| सि.नं | वडा नं | मृतकको नामथर | मृत्युको कारण | सहयोग रकम | खर्च शीर्षक |
|---|---|---|---|---|---|
| १ | १ | रत्नबहादुर घलान | | १०००० | आर्थिक सहायता तथा औषधि उपचार सहयोग |
| २ | ७ | सुमन पाख्रिन | हात्तिले मारेको | १०००० | आर्थिक सहायता तथा औषधि उपचार सहयोग |

निर्णय नं.१०

चालु आ.ब.को गांउसभाबाट वडा नं ८ मा रहेको मनहरी पिस पार्क भित्र निर्माण गरिने मोतिदेबि स्मृति सभाहल निर्माणको लागी समपुरक योजना अन्तरगत रु.२५ लाख बिनियोजन गरेकोमा सो आयोजना संचालनकोलागी बिनियोजित रकमबाटमात्र सो योजना संचालन गर्न रकम अपुग हुने भएकोले ल.ई. बमोजिमको काम संचालनमा आबस्यक पर्ने मध्य रु.१२ लाख जिल्ला समन्वय समिति मकवानपुरलाई लागत साझेदारी स्वरुप उपलब्ध गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।साथै बांकी अपुग रकम गांउपालिका र उपभोक्ताबाट लगानी गरि जिल्ला समन्वय समिति,मनहरी गांउपालिका र उपभोक्ताको त्रिपक्षिय साझेदारीमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं ११

तपशीलका यस अघि गांउसभा/गांउ कार्यपालिका बैठकबाट बिनियोजित योजनाहरु हाल कारणबस योजनाको नाम परिवर्तन गरि कार्यान्वयन गरिपाउन वडा कार्यालय/सम्बन्धित समितिहरुबाट गरिएको अनुरोध बमोजिम योजनाको नाम परिबर्तन/संसोधन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सि.नं | वडा नं | साबिक बिनियोजित योजनाको नाम | बिनियोजित रकम | हाल कायम गर्नुपर्ने योजनाको नाम | बिनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २ | सानाटोल सडक निर्माण-सि.नं २४९ | ५००००० मध्य | मुलटोल खानेपानी योजना | ३००००० | |
| २ | २ | सानाटोल सडक | ५००००० मध्य | दोभान बस्ति बचाउ | २००००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | निर्माण-सि.न २४९ | | | | |
| ३ | २ | च्यापल खानेपानी योजना-सि.न ३५४ | २००००० | सर्सिधाप सडक निर्माण | २००००० | |
| ४ | ९ | खरद्वा बाटो स्तरीकरण | २००००० | जिम्बाटोल, बाटो स्तरीकरण | २००००० | साबिक निर्णय नं १०/४ मिति २०७६-११-२० |
| ५ | ५ | दर्दरा कुनाटोल चिसापानी खहरे नियन्त्रण | १०० थान जालि खरिद गरि उपलब्ध गराउने | दर्दरा कुनाटोल चिसापानी खहरे नियन्त्रण | ३००००० | साबिक निर्णय नं ४/२१ मिति २०७६-१०-२४ |
| ६ | गा.पा. | १.बिभिन्न खेलकुद बिकास कार्यक्रम<br>२.मकवानपुर गोल्डकप फुटवल कार्यक्रम<br>३.बिभिन्न खेलकुद कार्यक्रम प्रशिक्षण संचालन | ५०००००<br>३०००००<br>२००००० | १.वडा नं ७ राष्ट्रीय रोटरी मा. बि. खेल मैदान निर्माण<br>२.वडा नं ३ हाडीखोला पल्चोक खेल मैदान निर्माण<br>३.वडा नं १ र २ को च्यावलखोला खेल मैदान निर्माण<br>४.वडा नं ६ प्रतापपुर खेल मैदान निर्माण | २०००००<br>२०००००<br>२०००००<br>४००००० | |
| ७ | ८ | फुटवल मैदान निर्माण | १०००००० | गुम्बाटोल देखि पिसपार्क जोड्नेबाटो स्लाब ढलान | १०००००० | |

निर्णय नं १२

वडा नं ३ लामिटारमा रहेको नवज्योती आ.बि.को निर्माणाधिन भवनकालागी यस कार्यालयबाट समेत रु.१० लाख लागत सहभागीता व्यहोर्ने यस अघिको निर्णय बमोजिम पुंजीगत भैपरी आउने शीर्षकबाट बिनियोजन गरि रु.७ लाख ५० हजार भुक्तानी भईसकेकोमा थप रु.२ लाख ५० हजार सोही शीर्षकबाट नियमानुसार भुक्तानी गर्न रकम बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १३

मिति २०७६/१०/२४ को निर्णय नं ४/३९ मा निर्णय भएको वडा नं ३ को सापकोटा टोलमा २ थान ह्युम पाईप खरीद गर्न बिनियोजन भएको रकम (मर्मत संभार पूंजीगत) रकमलाई सापकोटा टोल बाटो स्तरीकरण गर्ने योजनामा परिबर्तन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं १४

मिति २०७४ साल श्रावणको अन्तिम सप्ताहको बाढी पैरोबाट बिस्थापित वडा नं ४ लामपाखा, चुवारपाखा,अजिङ्गरे चिसापानी लगायतका टोलका बासिन्दा सोही समयदेखि वडा नं ४ कै टवाङ्गरा खोंला छेउ रहेको पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्र भित्रको सामुदायीक बन क्षेत्रमा आश्रय लिई बसिरहेकोमा निजहरुलाई अन्यत्र सुरक्षित स्थानमा स्थायी बसोबासको व्यवस्था मिलाउने सिलसिलामा वडा नं ४ गैंडाधाप कबुलियत बन वा अन्य उपयुक्त क्षेत्रमा राख्नकालागी पर्सा राष्ट्रिय निकुञ्ज,राष्ट्रिय निकुञ्ज तथा बन्य जन्तु संरक्षण बिभाग लगायत सम्बन्धित निकायहरुमा ध्यानाकर्षण गराईएकोमा सो बस्ति स्थानान्तरणकालागी हाल सम्म आधिकारिक रुपमा कहिं कतैबाट स्वीकृति प्राप्त नभएकोले पुनः सम्बन्धित सबै निकायलाई यथासिघ्र समस्या सभाधानकोलागी पहल गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

...राज उप्रेती
अध्यक्ष

निर्णय नं १५

संघीय सरकारबाट शसर्त अनुदान अन्तर्गत स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण शीर्षक अन्तर्गत प्राप्त बजेटबाट कार्यान्वयन हुने गरि वडा नं १,२,४,५,८ र ९ मा भवन निर्माण गर्न तयार पारिएको लागत अनुमान रु.३९८०६९२.४१ स्वीकृत गरि नियमानुसार बोलपत्रको माध्यमबाट ठेक्का प्रकृया अगाडी बढाउन निर्देशन दिने निर्णय गरियो । त्यसै गरि देवकोट भ्यु टावर र गोगनपानी भ्यु टावर निर्माणकोलागी डी.पि.आर. बमोजिम योजना संचालन गर्न तयार भएको ल.ई.स्वीकृत गरि बहु बर्षिय ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं १६

मनहरी गांउपालिका अन्तरगर रहेको न्यायिक समितिको कामको सहजताकोलागी सबै वडामा मेलमिलापकर्ता चयन गरिएकोमा संयोजकको रुपमा २०७६ श्रावण देखिनै कार्यरत वडा नं ४ निबासी बालमुकुन्द ढकाललाई सोही मिति देखि लागु हुनेगरि अर्को निर्णय नभए सम्मकालागी दैनिक रु.६०० को दरले अधिकत मासिक १५ दिन सम्मको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १७

तपशील वडाका बासिन्दाहरु बिभिन्न जटील रोगको कारण उपचारत रहेकोमा आर्थिक अभावको कारण सहयोग माग गर्ने तपशीलका व्यक्तिहरुलाई पालिका स्तरीय मेडीकल बोर्डको सिफारिस समेतको आधारमा तपशील बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं | नामथर | वडा नं | समस्या | सहयोग रकम | शीर्षक |
|---|---|---|---|---|---|
| १ | गोरीमाया सारु मगर | ९ | मुटु रोग/हेड ईन्जुरी | १०००० | आर्थिक सहायता तथा औषधि उपचार सहयोग |
| २ | बलराम लामगोद | ७ | मुटुरोग | १०००० | आर्थिक सहायता तथा औषधि उपचार सहयोग |
| ३ | बुद्धिबहादुर पाखिन | ६ | क्यान्सर | १०००० | आर्थिक सहायता तथा औषधि उपचार सहयोग |

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

Scanned by TapScanner